# सानीभेरी गाउँपालिका फोहरमैला व्यवस्थापन कार्यविधि २०७४

**प्रमाणीकरण मिति : २०७४/१२/१३**

**गाउँपालीका राजपत्रमा प्रकाशित मिति : २०७४/१२/२५**

पृष्ठभूमिः-

नेपालको संविधानले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार प्रत्याभूत गरेको छ। वर्तमान परिप्रेक्ष्यमा सभ्यताको महत्वपुर्ण मापदण्ड सरसफाई भएकाले र स्वस्थ रहनका लागि स्वच्छ वाताबरणको आवश्यकता पर्ने भएको हुँदा प्रदुशन मुक्त वातावरण कायम राखी यस गाउँपालिकाको दिगो विकास गर्नका लागि सरसफाई र फोहरमैला व्यवस्थापन महत्वपुर्णल पक्ष्यका रुपमा रहेको छ। यसका लागि प्राकृतिक श्रोतहरुको दिगो र प्रभावकारी संरक्षण नगरीनहुने कार्यका रुपमा रहेको छ भने अर्कोतिर मानव सिर्जित फोहरमैलाको प्रभावकारी व्यवस्थापन पनि उत्तिकै जरुरी रहेको छ। हाम्रो जस्तो मुलुकमा प्राकृतिक श्रोत साधन माथि मानिसहरुको निर्भरता बढी नै रहने गरेको छ। खासगरी बजारीकरणको दिशामा लम्किरहेका क्षेत्रहरुमा मानव सिर्जित फोहरमैलाको व्यवस्थापन प्रमुख चुनौतीका रुपमा रहन पुगेको छ। यस प्रकारका समस्याहरुले एकातर्फ वातावरणिय क्षेति बढाईरहेको छ भने अर्को तर्फ विभिन्न प्रकारका प्रकोप जन्य जोखिमहरुवाट पिडित बन्नु परिरहेको छ।

सानीभेरी गाउँपालिकाका क्षेत्रमा बढ्दो बजारीकरणका कारण बजार क्षेत्र तथा गाउँपालिका भित्रका ग्रामिन क्षेत्रमा समित फोहरमैलाको तिब्र गतिमा बढोत्तरी भएको, बजारबासीहरुको फोहर व्यवस्थापन तथा सरसफाई सम्बन्धि सचेतना अभिबृदि गर्न फोहरमैला ब्यवस्थापन गर्न निजि क्षेत्र र नागरिक समाजको संलग्नता स्थापित गर्न समुदायको चासो र संलग्नतामा अभिबृदि गर्न फोहर संकलन दिखि व्यवस्थापन सम्मका सबै कार्यहरु सम्बन्धि पर्याप्त जानकारी दिन फोहरको बर्गिकरण उपयूक्त र प्रभावकारी तवरले गर्न अन्य फोहर र प्लाष्टिक जन्य फोहरहरुको व्यवस्थापनमा सरलता ल्याउन फोहर व्यवस्थापनमा साझेदार परिचालित गर्न तथा यस सम्बन्धी पर्याप्त नितिगत तयारी र स्पष्ट कार्य योजनाको आबश्यकता देखिएकाले गाउँपालिकाले स्थानिय सरकार सञ्चालन २०७४ को दफा ११ को उपदफा ७ ले र फोहरमैला व्यबस्थापन ऐन २०६८ को दफा ५१ (२) दिइएको अधिकार प्रयोग गरी यो फोहरमैला व्यवस्थापन कार्यबिधि २०७४ तर्जुमा गरी लागु गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः-

१.१ यस कार्यविधिको नाम फोहरमैला व्यवस्थापन कार्यविधि २०७४ रहनेछ।

१.२ यस कार्यबिधि सानीभरी गाउँसभाले स्वकृति गरेको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः-

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) संबिधान भन्नाले नेपालको संविधान २०७२ सम्झनु पर्दछ।



नरबहादुर पुन
अध्यक्ष

(ख) स्थानिय तह भन्नाले नेपालको संविधानको धारा ५६ को को उपधारा ८ बमोजिमको गाउँपालिका सम्झनुपर्दछ।

(ग) कार्यपालिका भन्नाले गाउँकार्यपालिका सम्झनुपर्दछ।

(घ) अध्यक्ष भन्नाले सानीभेरी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ।

(ङ) उपाध्यक्ष भन्नाले सानीभेरी गाउँपालिकाको उपाअध्यक्षलाई सम्झनुपर्दछ।

(च) सदस्य भन्नाले सानीभेरी गाउँकार्यपालिका सदस्यलाई सम्झनुपर्दछ।

(छ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले सानीभेरी गाउँपालिकाको प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(ज) बिषयगत शाखा भन्नाले गाउँपालिकाको कार्य विभाजन नियमावली २०७४ वमोजिमको बिषयगत शाखालाई सम्झनुपर्दछ।

(झ) समिति भन्नाले कार्य सम्पादन नियमावलीको नियम १५ बमोजिमका कार्यपालिकाका समितिहरुलाई सम्झनुपर्दछ।

(ञ) कार्यविधि भन्नाले शहरी फोहरमैला ब्यवस्थापन कार्यविधि २०७४ बुझ्नुपर्दछ।

(ट) गाउँपालिका भन्नाले सानीभेरी गाउँपालिका सम्झनुपर्दछ।

(ठ) ऐन भन्नाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ बुझ्नुपर्दछ।

(ड) फोहरमैला भन्नाले घरेलु फोहरमैला औधोगिक फोहरमैला रासायनिक फोहरमैला, स्वास्थ्य सस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनुपर्छ र सो शब्दले तत्काल प्रयोग हुनु नसक्ने अबस्थामा रहेका,तरकारी बजारबाट निष्केका फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस तरल ग्यास लेदो धुवा धुलो विधुतिय तथा सुचना प्रबिधिका लागि प्रयोग भएका वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य बस्तु समेतलाई जनाउनेछ।

(ढ) स्वास्थ्य सस्थाजन्य फोहरमैला भन्नाले अस्पत्ताल क्लिनिक फार्मेसी औषधी पसल ब्लड बैंक प्याथोलोजिकल प्रयोगशाला पशु-स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काषण हुने हानिकारक फोहरमैला सम्झनुपर्छ।

## ३. निर्देशक समितिको गठनः-

३.१ गाउँपालिकाको फोहरमैला ब्यवस्थापन सम्बन्धी कार्य सुचारु एवं सुब्यबस्थित ढंगले संचालन गर्न गाउँपालिकामा देहायबमोजिमको निर्देशक समिति गठन गरिनेछ।

(क) गाउँपालिका अध्यक्ष ..............................................................अध्यक्ष

(ख) गाउँसभाले मनोनित गरेको कार्यपालिका सदस्य...............................सदस्य

(ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सदस्य

(घ) वाताबरण क्षेत्रको अनुभवी प्रबुद्ध व्यक्तिबाट नगर प्रमुखले तोकेका सदस्य

(ङ) प्रतिनिधि सानीभेरी उधोग वाणिज्य संघ सदस्य

(च) फोहरमैला ब्यबस्थापन क्षेत्र प्रभावित क्षेत्रका बासिन्दा सदस्य

(छ) फोहर संकलन गर्ने क्षेत्रबाट प्रतिनिधित्व हुने गरी कम्तिमा १ महिला २ जना सदस्य



नरबहादुर पुन
अध्यक्ष

(ञ) वाताबरण तथा बिपद ब्यबस्थापन समितिको संयोजक सदस्य

(ट) खानेपानी तथा फोहरमैला ब्यबस्थापन शाखा प्रमुख सदस्य

३.३ निर्देशक समितिको बैठक सामान्यतया १ महिनामा एकपटक बस्ने छ। बैठक अध्यक्षताको आदेशले सदस्य सचिबले बोलाउने छ। आवश्यकता महशुस भएमा ब्यबस्थापन समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिने छ।

३.४ निर्देशक समितिको सम्पुर्ण सदस्य सख्याको कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ। बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नुपर्नेछ।

## ४. निर्देशक समितिको काम, कर्तब्य र अधिकारः-

(क) नगरपालिका क्षेत्रलाई पूर्ण सरसफाईयूक्त क्षेत्र बनाउन वडास्तर र गाउँस्तरबाट आबश्यक बजेटकको ब्यबस्थापन गर्न पहल गर्ने।

(ख) वाताबरण संरक्षण ऐन र नियमले दिएका अधिकार प्रयोग गरी आबश्यक कार्य गर्ने।

(ग) फोहर ब्यबस्थापनमा गैर सरकारी संस्थाहरु निजी क्षेत्र र समुदायको संलग्नता बढाउन आवश्यक नीति तय गर्ने।

(घ) फोहरलाई श्रोतमै बर्गिकरण गर्ने ब्यबस्था मिलाउन आबश्यक पहल गर्ने।

(ङ) फोहरमैला ब्यबस्थापनका लागि आबश्यक पर्ने स्रोत साधन र जनशक्तिको ब्यवस्था गर्ने।

(च) जैविक फोहरबाट उर्जा कम्पोष्ट बायोग्यास एवं मल बनाउने तथा प्लाष्टिक, धातु, आदिलाई पुर्ण प्रयोग गर्न आबश्यक ब्यबस्था गर्ने।

(छ) फोहरमैला ब्यबस्थापन तथा सरसफाईमा प्रचलित ऐनकानून तथा निर्देशिकाले तोकेको मापदण्ड पालन नगर्ने उपपर आबश्यक कार्वाहीका लागि निर्देशन गर्ने।

(ज) फोहरमैला ब्यबस्थापनमा प्रभाबकारिता ल्याउन बिषयगत समितिको गठन गर्ने।

(झ) फोहरमैला ब्यबस्थापन सम्बन्धी काम गर्ने बिभिन्न राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरुसँग समन्वय काम गर्ने।

(ञ) फोहरमैला ब्यबस्था सम्बन्धी काम गर्ने जनशक्तिको ब्यबस्थापन गर्न वडा तहसँग समन्वय गर्ने।

## ५. फोहरमैला कम उत्पादन गर्नेः-

(१) कुनै ब्यक्ति वा संघ संस्था वा कुनै काम कारोवार गर्दा उत्पन्न हुने फोहरमैला यथाशाक्य कम गर्नु पर्नेछ।

(२) आफ्नो क्षेत्रभित्र बिसर्जन हुन सक्ने फोहरमैलाको बिसर्जन वा पुन प्रयोगको ब्यबस्था मिलाई बाँकि फोहरमैला मात्र निष्काषण गरी फोहरमैलाको परिणामलाई घटाउनु प्रत्यक ब्यक्ति संस्था वा निकाएको कर्तब्य हुनेछ।

## ६. फोहरमैलाको निष्कासनः-



नरबहादुर पुन
अध्यक्ष

(१) फोहरमैला निष्कासनको समय, स्थान र तरिका गाउँपालिका वा सम्बन्धित वडाले निर्धारण गरे बमोजिम हुनेछ।

(२) हानिकारक फोहरमैला वा रासायनिक फोहमैला उत्पादन गर्ने ब्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोके बमोजिम ब्यबस्थापन गर्नुपर्नेछ।

(३) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्कासन गरी पुनः प्रयोगमा आउने फोहरमैलामा मिसाउन पाइने छैन।

७. सेवा शुल्क उठाउने सक्नेः

(१) गाउँपालिका वा सम्बन्धित वडाले फोहरमैला ब्यबस्थापन गरे वापत बम्बन्धित ब्यक्ति संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउनेछ।

(२) उपनियम (१) बमोजिमको शुल्क गाउँपालिकामा सम्बन्धित वडा सँग भएको सहमतिको आधारमा फोहमैला ब्यबस्थापन गरेबापत सम्बन्धित ब्यक्ति संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ तर तोके बमोजिमका बिपन्न बर्गलाई सेवा शुल्कमा तोके बमोजिम छुट दिन सकिने छ।

**८. सेवा निलम्बन वा अन्त्य गर्न सक्नेः-**

(१) गाउँपालिकाले नियम ७ बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला ब्यबस्थापन सम्बन्धि र गाउँपालिक वा सम्बन्धित वडाबाट उपलब्ध हुने अन्य सेवा निलम्बन वा अन्त्य गर्नसक्नेछ।

(२) उपनिय १ मा जुनसुकै कुरा लेखिएको भएता पनि फोहरमैला ब्यबस्थापन ऐन २०६८ दफा १५ बमोजिम जिम्मेवारी पाएको ब्यक्ति संस्था वा निकायले यस कार्यविधिको नियम ७ को उपनियम २ बमोजिम सेवा शुल्क नबुझाउने सेवा ग्राहीको फोहरमैला ब्यबस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी गाउँपालिका वा सम्बन्धित वडालाई दिनुपर्नेछ।

(३) उपनियम १ वा २ बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अबस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको ब्यबस्थापन सम्बन्धित घर धनी आफैले गर्नु पर्नेछ।

(४) सेवाग्राहीले नियम ७ बमोजिम बुझाउनुपर्ने सेवा शुल्क नबुझाएमा निजको एकिकृत सम्पत्ति कर वा ब्यबसाय कर खातामा प्रबिष्ट गरी सेवा शुल्क असुल गरिनेछ।

(५) सेवा ग्राहीले नियम ७ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिने छ।

**९. कसुरः-**



नरबहादुर पुन
अध्यक्ष

कसैला देहायको कुनै काम गरेमा फोहोर मैला व्यबस्थापन ऐन २०६८ र यस कार्यविधि बमोजिम कसुर गरेको मानिन्छ।

(क) गाउपालिका सम्बन्धित वडाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काषन गर्ने,

(ख) फोहरमैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुर्याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुर्याउने,

(ग) फोहरमैला व्यवस्थापन ऐन २०६८ ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(घ) फोहरमैला व्यवस्थापन ऐन २०६८ ऐन बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमति पत्रमा उल्लेखित शर्तहरु उलंघन गर्ने,

(ङ) घर, कम्पाउन्ड, तथा परिसरको फोहरमैला सडक वा अन्ने सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(च) फोहरबाट निस्केको दूषित पानी वा ढल चुहाइ अन्य ब्यक्तिको घर वा जग्गा प्रदुषित गराउने,

(छ) गाउँपालिकाले तोकेको ठाउमा बाहेक जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्कासन गर्ने,

(ज) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य स्वास्थ्यजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने,राख्ने वा निष्कासन गर्ने वा गराउने,

(झ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावि फाल्ने, राख्ने वा निष्काष्न गर्ने वा गराउने,

(ञ) फोहरमैला संकलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ट) फोहरमैला संकलन, ढुवानी तथा अन्तिम निष्कासन स्थलमा अवरोध बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ठ) फोहरमैला अत्याधिक उत्पादन हुने वस्तु भनि नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकासन गरी प्रतिबन्ध लगाइएको कुनै बस्तुको उत्पादन तथा बिक्रि वितरण गर्ने,

(ड) फोहरमैला व्यवस्थापन ऐन २०६८ दफा ४४ विपरित रासायनिक विषादीको आयत गर्ने वा म्याद नाघेको, समयावधी सकिएको औषधी नष्ट गर्ने जिम्मेवारी पुरा नगर्ने,

(ढ) मरेको वा मारेको पशुपंक्षी र सो को लादि प्वाख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल सडक गल्ली चोकमा राख्ने, फाल्ने वा थुपार्ने,

(ण) पैदल तथा सार्वजनिक यातायातका यात्रुले जथाभावी फोहर फाल्ने,

(त) चुरोट तथा सुर्ति जन्य (पान पुकार गुट्का आदि) जस्ता बस्तुको फोहर जथाभावी फाल्ने।

(थ) फोहरमैला सङ्कलन केन्द्रमा राखिएका फोहरमैला अनधिकृत तवरले प्रयोग गर्ने।

**१० सजायः-**



नरबहादुर पुन
अध्यक्ष

१. गाउँपालिका वा सम्बन्धित वडाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहर निष्काषन गर्नेलाई सम्बन्धित वडालाई पहिलो पटक रु एक हजार रुपैयाँ सम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा रु दुई हजारदेखि तिन हजारसम्म, तेस्रो पटक वा सो भन्दा सोही कसुर गरेमा प्रत्यक पटकको रु पाँच हजार रुपैयाँका दरले जरिवाना गरी फोहरमैला उठाउन लाग्ने समेत खर्च समेत निज बाट असुल उपर गर्न सकिने छ।

२. फोहोरमैला संकलन केन्द्रमा राखिएको कन्टिनर तोडफोड गर्ने क्षेति पुऱ्याउने राखिएको स्थान बाट हटाउने वा अन्य नोक्सानी पुऱ्याएमा गाउँपालिका वा सम्बन्धित वडाले ५,०००/-रुपैंया देखी १०,०००/-रुपैंया सम्मको जरिवाना तिराउन सकिने छ।

३. कन्टिनर वा फोहोरमैला संकलन केन्द्रमा राखिएको फोहोरमैला अनधिकृत तहले प्रयोग गरे ५००/-रुपैंया देखि २०००/-रुपैंया सम्म जरिवाना गर्न सकिने छ।

४. फोहोरमाला व्यवस्थापन ऐन २०६८ एन वमोजिम अनुमति नलिई फोहोरमैला व्यवस्थापनको कार्य गरे गाउँपालिका वा सम्बन्धित वडाले ५०००/-रुपैंया देखि १५००० रुपैंया सम्मको जरिवाना गरि अनुमति नलिए सम्म त्यस्तो कार्य गर्न रोक लगाउने छफोहोरमैला संकलन केन्द्र, कन्टिनर वा फोहोरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानीकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने गरेमा गाउँपालिका वा सम्बन्धित वडाले रु.२०००/- देखी रु.५०००/- सम्म जरिवाना गर्न सकिने छ।र त्यस्तो बस्त वा पदार्थ बाट कुनै क्षति भैसकेको भए त्यस्तो क्षति वापतको रकम समेत कसुरदार बाट असुल उपर गर्न सकिने छ।

५. घर कम्पाउन्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा फाल्ने जस्तै मरेको वा मारेको पसुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कद्‌ला आदी फालेमा गाउँपालिका वा सम्बन्धित वडाले रु.२०००/- देखी रु.६००० सम्मको जरिवाना गर्न सक्ने छ।

६. फोहोरबाट निस्केको दुसित पानी वा ढल चुहाई, सेप्टी टयाङ्की चुहाई, घर वा जग्गा प्रदुशित गराएमा गाउँपालिका वा सम्बन्धित वडाले रु. ३०००/- देखि रु. १५०००/- सम्मको जरिवाना गर्न सक्ने छ।

७. रासायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्था जन्य फोहोरमैला वा हानीकारक जथाभावी फाल्ने वा राख्ने कार्य गरेमा गाउपालिका वा सम्बन्धित वडाले रु. ५०००/- देखि रु. २००००/- सम्म जरिवाना गर्न सक्ने छ।र सोही कसुर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गर्ने छ।

८. फोहोरमैला संकलन ढुवानी तथा अन्तिम निस्कासन स्तरमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गरेमा रु.४०००/- देखी रु.१५०००/- सम्म जरिवाना गर्ने छ।

९. फोहोरमैला व्यवस्थापन ऐन २०६८ दफा ४४ बिपरित रासायनिक बिसादीको आयात गर्ने वा म्यद नागेको औषधी नष्ट गर्ने जिम्मेवारी पुरा नगरे रु.५०००/- देखी रु.२००००/- सम्मको जरिवाना गर्न सक्ने छ। सोही कसुर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानुन बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धीत निकायमा लेखी पठाउन सक्ने छ।

नरबहादुर पुन
अध्यक्ष

१०. फोहोरमैला अत्याधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले राजपत्रमा सुचना प्रकाशन गरी प्रतिबन्द लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्रिवितरण गर्ने कार्य गरे रु.२०००/- देखी रु.५०००/- सम्मको जरिवाना वा फोहोरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम ३महिना सम्म कैद वा दुबै सजाय गर्न सम्बन्धित निकायमा लेखि पठाउन सक्ने छ।

११. पैदल वा साधन यातायातका यात्रुले चुरोट तथा सुर्ती जन्य पदार्थ (पान, पुकार, गुठ्का आदी ) जथाभावी फाल्ने कार्य गरेमा गानीभेरी गमउँपालिका वा सम्बन्धित वडाले प्रत्यक पटकको रु. २००को दरले जरिवाना गर्न सक्ने छ। सोही कसुर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गर्न सक्ने छ।

११. पुरस्कार दिन सकिनेः-

१.फोहोरमैला व्यवस्थापनका लागि नविनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रत्साहित गर्ने तथा फोहोरमैला व्यवस्थापन कार्यमा योग्दान गर्ने व्यक्ति वा संस्था लाई गाउँपालिका वा सम्बन्धित वडाले सम्मा स्वरुप उपयुक्त पुरस्कार दिन सक्ने छ।

१२. फिल्डमा हाँजिर गर्नेः-

१.गाउँपालिकाले फोहोरमैला व्यवस्थापन कार्य लाई प्रभावकारी वनाउन खानेपानी तथा फोहोरमैला व्यवस्थापन साखा प्रमुखले प्रत्यक दिनमा भए गरेको फोहोरमैला व्यवस्थापन कार्यको पर्तिवेदन स्तलगत निरिक्षण गरि प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्नुपर्ने छ।

सानीभेरी गाउँपालिकाले स्थानिय सरकार सञ्चालन २०७४ को दफा ११ को उपदफा ७ ले र फोहरमैला व्यबस्थापन ऐन २०६८ को दफा ५१ (२) दिइएको अधिकार प्रयोग गरी यो फोहरमैला व्यवस्थापन कार्यबिधि २०७४ बनाएकोले यसलाइ गाउँपालकि अध्यक्ष श्री नर वहादुर पुन बाट प्रमाणीकरण गरिएकोछ।

नरबहादुर पुन
अध्यक्ष

नाम : नर बहादुर पुन

पदः गाँउपालिका अध्यक्ष

मिति : २०७४/१२/२५



नरबहादुर पुन
अध्यक्ष